# मध्यपश्चिम विश्वविद्यालय
# परीक्षा व्यवस्थापन कार्यालय

पत्र संख्या : २०८२/०८३
चलानी नं. :

मिति : २०८२/०४/२०

## परीक्षा आवेदन फाराम भर्ने सूचना

मध्यपश्चिम विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालयद्वारा तपसिलका ग्र्याजुयट स्कुलअन्तर्गत विभिन्न तह र सेमेस्टरका लागि लिइने सत्रान्त (नियमित/आशिंक) परीक्षा, BBA/BTTM सातौ सेमेष्टर (२०२१ भर्ना ब्याच) को मौका परीक्षा तथा प्राज्ञिक परिषद्को मिति २०८२ श्रावण ९ गतेको निर्णय अनुसार स्नातक तहमा सन् २०१८ सम्म र स्नातकोत्तर तहमा सन् २०२१ सम्म भर्ना भई विश्वविद्यालयले प्रदान गरेको निर्धारित समयभित्र परीक्षा सम्बन्धी आन्तरिक तथा वाह्य परीक्षा, परियोजना कार्य, प्रयोगात्मक कार्य र शोधकार्य पुरा गर्न नसकेका वा अन्य कुनै कारणले छुटेका विद्यार्थीहरुकालागि मौका परीक्षाको परीक्षा फाराम खुलाएको व्यहोरा सम्वन्धित विद्यार्थीहरुलाई जानकारी गराइन्छ । www.muexam.edu.np मा उपलब्ध Online Exam Form भरी सम्वन्धित विद्यार्थीहरुले आफुले अध्ययन गरेको क्याम्पस/विभाग/स्कुलमा परीक्षा फाराम भौतिक रुपमा समेत बुझाउनु पर्नेछ ।

| ग्र्याजुयट स्कुल | तह | विशिष्टिकरण | सेमेस्टर | कैफियत |
|---|---|---|---|---|
| ल | स्नातक | BALLB | सातौ | |
| एजुकेशन | स्नातक | B.Ed. | आठौं | |
| | स्नातकोत्तर | M.Ed. | प्रथम र तेस्रो | |
| ह्यूमानिटिज एण्ड सोसल साइन्सेज | स्नातक | BA | आठौं | |
| | स्नातकोत्तर | MA/MICD | प्रथम र तेस्रो | |
| म्यानेजमेन्ट | स्नातक | BBS | आठौं | |
| | स्नातक | BBA | सातौ र आठौं | |
| | स्नातक | BHM | सातौ र आठौं | |
| | स्नातक | BTTM | सातौ र आठौं | |
| | स्नातकोत्तर | MBS | प्रथम र तेस्रो | |
| | स्नातकोत्तर | MBA Spring | प्रथम र तेस्रो | |
| | स्नातकोत्तर | MBA Fall | दोश्रो र चौथो | |
| साइन्स एण्ड टेक्नोलोजी | स्नातक | B.Sc./B.Sc.CSIT | सातौ र आठौं | |
| | स्नातकोत्तर | M.Sc.(Physics) | प्रथम र तेस्रो | |
| | स्नातकोत्तर | M.Sc.(NRM) | प्रथम | |
| इन्जिनियरिङ्ग | स्नातक | BE (Civil, Hydropower and Computer) | छैठौं र आठौं | |
| | स्नातकोत्तर | M.Sc.(Structural/Construction) | प्रथम र तेस्रो | |
| एग्रिकल्चर एण्ड फरेष्ट्री | स्नातक | B.Sc.Ag. | पाँचौ | |

परीक्षा व्यवस्थापन प्रमुख

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

पत्र संख्या : २०८२/०८३

चलानी नं. :

मिति : २०८२/०४/२०

**पुनश्चः**

१) सत्रान्त परीक्षामा उक्त सेमेस्टरको नियमित, आंशिक र मौका परीक्षा दिने परीक्षार्थीहरुले परीक्षा फाराम भर्नु पर्नेछ ।

२) परीक्षा फाराम मिति २०८२ श्रावण २० गतेदेखि मिति २०८२ भाद्र ०८ गतेसम्म नियमित शुल्क र २०८२ भाद्र ०९ गतेदेखि मिति २०८२ भाद्र १० गतेसम्म अतिरिक्त शुल्क तिरी भर्नुपर्नेछ ।

३) सम्बन्धित क्याम्पस/विभाग/स्कुलले मिति २०८२ भाद्र १२ गते साँझ ५:०० बजेसम्म परीक्षा फाराम भरेका विद्यार्थीहरुको नामावली सहित नियमानुसार जम्मा गर्नुपर्ने रकमको बैंक भौचर परीक्षा व्यवस्थापन कार्यालयमा बुझाउनुपर्नेछ ।

४) परीक्षा फाराम पठाउदा online exam form list बाट प्राप्त Sheet अनुसार विद्यार्थी विवरण र निजहरुले परीक्षा दिने विषयमा स्पष्ट हुने गरी छुट्टै विवरण समेत संलग्न गरी पठाउनु पर्नेछ ।

५) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा वा बिगारेमा क्याम्पस/विभाग/स्कुल प्रमुखको सिफारिसमा परीक्षा संचालन हुनुभन्दा कम्तिमा ३ दिन अघि प्रति विषय रु.४००।-(अक्षरुपी चारसय मात्र) शुल्क बुझाई परीक्षा व्यवस्थापन कार्यालयबाट आवश्यक संशोधन गर्न सकिनेछ ।

६) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।

७) सम्बन्धित क्याम्पस/विभाग/स्कुलले माथि उल्लेखित तह र सेमेस्टरका विद्यार्थीहरुको आन्तरिक मूल्याङ्कन सम्बन्धी प्रतिवेदन परीक्षा फारामसँगै अनिवार्य रुपमा परीक्षा व्यवस्थापन कार्यालयमा पेश गर्नुपर्नेछ । अन्यथा परीक्षा व्यवस्थापन कार्यालय फाराम बुझ्न बाध्य हुने छैन ।

.............................

परीक्षा व्यवस्थापन प्रमुख

**परीक्षा व्यवस्थापन प्रमुख**